## प्रेस विज्ञप्ति

विगत एक महिनादेखि भारतका विभिन्न राज्यमा बर्ड फ्लु रोग देखा परेसँगै नेपालमा समेत यो रोगको जोखिम बढेको सन्दर्भमा देशमा रोग भित्रन सक्ने जोखिमलाई मध्यनजर गर्दै रोग रोकथाम तथा नियन्त्रणमा सम्वद्ध सबै निकायहरूलाई सतर्क अवस्थामा राखिएको छ। भारतबाट रोग सार्न सक्ने वस्तुको आयातमा पूर्ण प्रतिबन्ध लगाइएको छ भने मुलुकभित्र रोगको सघन निगरानी कार्य सञ्चालन गरिएको अवस्थामा बागमती प्रदेश, काठमाण्डौ जिल्ला, तारकेश्वर नगरपालिकाको वडा नं. ७ साङ्लेखोला, फुटुङका स्थानीय कृषकहरूले पालेका टर्की र हाँसको नमूना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा रियल टाइम पि.सि.आर विधिबाट परीक्षण गर्दा मिति २०७७।१०।१६ गते बर्ड फ्लु रोग (H5N8) पुष्टि भएको छ।

रोग पुष्टि भएको क्षेत्रबाट रोग अन्यत्र फैलन नदिई तत्काल नियन्त्रणमा लिन संघ, प्रदेश तथा स्थानीय तहका पशु सेवासँग सम्बन्धित निकायहरूलाई परिचालन गरी रोग देखिएको क्षेत्रमा रहेका सम्पूर्ण घरपालुवा पन्छी तथा रोग सार्न सक्ने अन्य वस्तु समेत नष्ट गरिसकिएको छ। यस क्रममा १८६५ हाँस, ६२२ बट्टाई, ३२ कुखुरा, २५ टर्की, ५४२ अण्डा र ७५ केजी दाना नष्ट गरी सुरक्षित तवरले तह लगाइसकिएको छ। साथै रोग देखापरेको क्षेत्रलाई पूर्ण निसंक्रमण समेत गरी मिति २०७७।१०।१७ गते रोग पूर्ण रुपमा नियन्त्रण गरिसकिएको छ।

रोग नियन्त्रण कार्यमा सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण कृषक, व्यवसायी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, निजामती कर्मचारी, संचारकर्मी लगायत सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै निम्नानुसारका विषयमा ध्यान दिई रोगलाई पूर्ण नियन्त्रणमा राख्ने कार्यमा निरन्तर सहयोग गरिदिनु हुन सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक अपिल गर्दछौं ।

- पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गरी भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्न/गराउन हुन,
- फार्म परिसरमा जैविक सुरक्षाका विधिहरू अवलम्वन गर्न गराउनु/हुन,
- सम्पूर्ण पन्छीपालक कृषकहरूले फार्म परिसरमा नियमित रूपमा नि:संक्रमण गर्न तथा व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनु हुन,
- कुनै पनि पन्छी फार्म वा अन्य पन्छीपालन वा विक्रीस्थलमा अस्वाभाविक रूपमा पन्छी बिरामी परेमा वा मरेमा तत्काल नजिकको पशु सेवाका निकायमा सूचना गरिदिनु हुन।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर, नेपाल

नि. महानिर्देशक